# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४ ] काठमाडौं, चैत्र ५ गते २०३१ साल [ अतिरिक्ताङ्क ५०

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

श्री ५ महाराजाधिराजका हजूरमा निर्माण तथा यातायात र स्वास्थ्य मन्त्री श्री प्रयागराजसिंह सुवाल र जल विद्युत् र वन राज्य मन्त्री श्री प्रकाशचन्द्र मुखियाले २०३१ साल चैत्र मसान्तमा राष्ट्रिय पञ्चायतको सदस्यताको पदावधि समाप्त हुने र आगामी निर्वाचनहरूमा भाग लिन राम्रो परम्परा कायम गर्ने उद्देश्यले सम्माननीय प्रधान मन्त्री मार्फत् मन्त्री पदबाट राजीनामा चढाउनु भएकोमा मौसूफ सरकारबाट उहाँहरूले मन्त्री पदमा रही आजसम्म ईमानदारी पूर्वक गरेको कामको निमित्त धन्यवाद बक्संदै सो राजीनामा आजका मितिदेखि स्वीकृत गरिबक्सेको छ ।

हुकुमबक्सेबमोजिम
कल्याणविक्रम अधिकारी
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको

## सूचना

श्री ५ महाराजाधिराजका हजूरमा सं. प्रधान मन्त्री मार्फत सं. मन्त्री श्री प्रयागराजसिंह सुवाल र माननीय राज्य मन्त्री श्री प्रकाशचन्द्र मुखियाले मन्त्री पदबाट राजीनामा चढाउनु भएको हुँदा र सं. परराष्ट्र मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्की असंलग्न राष्ट्रहरूको सम्मेलनमा भाग लिन हवानातर्फ जानुभएकोले उहाँ फर्की नआउन्जेलसम्मको लागि मौसूफ सरकारबाट भै रहेकोमा थप परराष्ट्र मन्त्रालय, निर्माण तथा यातायात मन्त्रालयको कार्यभार सम्माननीय प्रधान मन्त्री श्री नगेन्द्रप्रसाद रिजाललाई, वन मन्त्रालयको कार्यभार गृह तथा कानून मन्त्री श्री होमबहादुर श्रेष्ठलाई, स्वास्थ्य मन्त्रालयको कार्यभार खाद्य कृषि तथा भूमिसुधार मन्त्री श्री लालबहादुर खडायतलाई र जल विद्युत् मन्त्रालयको कार्यभार शिक्षा मन्त्री श्री कृष्णराज अर्याललाई सम्हाल्न हुकुम बक्सेको छ ।

हुकुमबक्सेबमोजिम<br>
कल्याणविक्रम अधिकारी<br>
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।